# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, कार्तिक ३ गते २०३० साल [ अतिरिक्ताङ्क ४३

# शाही–सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सम्बाद सचिवालय
### राजदरवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट भारतका राष्ट्रपति श्री भी. भी. गिरीको निमन्त्रणामा एक साताको भारतको राजकीय भ्रमणबाट स्वदेश फिरी बक्सेपछि २०३० कार्तिक ३ गते देशवासीका नाममा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

प्यारा देशवासीहरू,

भारतका राष्ट्रपति महामहिम श्री भी. भी. गिरीको मैत्रीपूर्ण निमन्त्रणामा भारतको एक साता ो राजकीय भ्रमण पूरा गरी स्वदेश फर्कंदा आज हामीलाई हर्ष लागेको छ ।

यस अवधिमा भारतका राष्ट्रपति र प्रधानमन्त्री लगायत विभिन्न नेताहरूसंग मैत्रीपूर्ण कुराकानी गरी आपसी दृष्टिकोणको आदान-प्रदान गर्ने अवसरका साथै विश्व परिस्थिति

मुद्रण विभाग

यस अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

र आपसी समस्याबारे सौहार्दपूर्ण वातावरणमा वार्तालाप गर्ने हामीले मौका पायौं । भ्रमणको सिलसिलामा हाम्रा छिमेकी मित्रराष्ट्र भारतमा भएका अनेक निर्माण र विकास कार्यहरूबारे अवगत गर्ने पनि मौका मिल्यो । विभिन्न क्षेत्रमा भारतले गरेको प्रभावशाली प्रगतिबाट हामीलाई हर्ष लागेको छ । यस भ्रमणबाट भारतसितको हाम्रो परम्परागत मैत्रीसम्बन्ध गहिरिएर गएको छ भन्ने हाम्रो विश्वास छ । साथै आपसी हितका ऐतिहासिक परिप्रेक्षलाई ध्यानमा राखी हाम्रा दुई देशका बीचको असल छिमेकी सम्बन्धलाई स्थायी र परिपक्व आधारमा ढालिएको छ भन्ने हामीलाई लागेको छ ।

भारत भ्रमणका अवसरमा हामीले जे जति स्वागत-सत्कार र सद्भावना पायौं त्यो सबै नेपाली जनताप्रति भारतमा भएको आदरभाव र सद्भावनाको द्योतक हो भन्ने हाम्रो धारणा छ । त्यसको लागि भारतीय राष्ट्रपति, त्यहाँको सरकार र जनतालाई धन्यवाद ज्ञापन गर्दछौं । यसै अवसरमा हामीलाई हिन्दूहरूका पवित्रतम तीर्थस्थलहरूमध्ये केही स्थानमा पुगी दर्शन गर्ने सौभाग्य पनि मिल्यो ।

हाम्रो अनुपस्थितिमा देशको संविधान र नीति-नियमबमोजिम सन्तोषजनक ढङ्गबाट देशको शासन व्यवस्था संचालन गर्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर बिक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरू र मन्त्रिपरिषद्कोसाथै सबै राष्ट्रसेवकहरू तथा देशवासीहरूलाई निजहरूले कर्तव्य परायण रही देशमा शान्ति सुव्यवस्था कायम राख्नको निमित्त आ-आफ्नो क्षेत्रमा गरेको कामको लागि धन्यवाद दिन्छौं ।

श्री पशुपतिनाथले सबैको कल्याण गरून् । जय नेपाल !

हुकुम बक्सेबमोजिम,
चिरनशमशेर थापा
श्री ५ महाराजाधिराजका सह सम्वाद सचिव

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



श्री ५ को सरकारको छापाखानामा मुद्रित ।